बर्ष १३ अंक १३१ २०७८ जेठ २० गते बिहीबार TANAHUN UDGHOSH DAILY Jun 3, 2021 मुल्य रु.५पृष्ठ संख्या ४

निष्पक्ष खबरहरुको संगाली

# तनहुँ उद्घोष

राष्ट्रिय दैनिक

THE TANAHUN UDGHOSH NATIONAL DAILY

ब्रजर रङको विक्रेता

Berger

सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ। साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोस्।

प्रो. विष्णु पराजुली

मौलाकाली सप्लायर्स

व्यास-४, मेनरोड
(तनहुँशुर मिनि मार्केट)
फोन: ०६५-५६२६९९, ९८४६०६५४७०, ९८४१६२७७६२

## जिपी कोइराला अस्पताललाई शुक्लागण्डकी जेसीजद्वारा २५ थान अक्सिजन सिलिण्डर

उद्घोष सम्वाददता
दुलेगौडा , १९ जेठ ।

तनहुँको जिपी कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्रलाई शुक्लागण्डकी जेसीजले २५ थान अक्सिजनसहितको सिलिण्डरसहयोग गरेको छ।

अस्पतालमा एक कार्यक्रमकाबीच कार्यकारी निर्देशक डा. राम कुमार श्रेष्ठलाई सो सिलिण्डर प्रदान गरिएको हो। सो अवसरमा डा. श्रेष्ठले दैनिक रुपमा अस्पतालमा अक्सिजनको आवश्यकता बढ्दै गएको जानकारी दिदै सिलिण्डर उपलब्ध गराएकोमा जेसीजलाई धन्यवाद दिए। जेसीजका पूर्व केन्द्रिय उपाध्यक्ष सुजन श्रेष्ठले दुःख र मानवीय पिडामा जेसीजले सहयोग गर्दै आइरहेको जानकारी दिए।




शुक्लागण्डकी जेसिजका सदस्यहरु एवम् शुभचिन्तकहरुबाट सहयोग जुटाई सिलिण्डर प्रदान गरिएको अध्यक्ष कृष्ण बहादुर श्रेष्ठले जानकारी दिए। उनका अनुसार खाली सिलिन्डर पोखरा लगेर जेसीज आफैले अक्सिजन भरेको हो।

शुक्लागण्डकी जेसीजका सचिव अनिश ढकालले कतिपय अस्पतालमा अक्सिजनको अभावमा मृत्युका खबर आएको बताउदै विरामीलाई समयमै अक्सिजन उपलब्ध होस भनेर सहयोग गरेको उल्लेख गरे।

## पत्रकार कल्याणकारी कोषमा बतास र आचार्यको सहयोग

उद्घोष सम्वाददाता
दमौली , १९ जेठ ।

नेपाल पत्रकार महासंघ तनहुँ शाखाले स्थापना गरेको कल्याणकारी कोषमा भानु व्यास नगरपालिका वडा नं--२ का मोहनकाजी बतासले आर्थिक सहयोग गरेका छन्।

बतासले नेपाल पत्रकार महासंघ तनहुँ शाखाका अध्यक्ष उज्वल पौडेललाई पाच हजार रुपयाँ रकम हस्तान्तरण गरो हुन्।

संचार क्षेत्र र संचारकर्मिहरुको हितमा खर्च हुने कल्याणकारी कोषमा सहयोग गर्न पाँउदा खुशी लागेको बतासले बताए। बतासले यस अघि समेत नेपाल पत्रकार महासंघ तनहुँ शाखाको भवन निर्माणमा समेत सहयोग गरेका थिए।

जन्मथलो तनहुँ भएपनि झण्डै दुई दशक देखि हकङ्गमा बरिष्ठ सेफको रुपमा कार्यतर बतासले तनहुँका बिभिन्न क्षेत्रमा सहयोग गर्दै आएका छन्।

यसैगरी कोषमा म्याग्दे गाउपालिका वडा न.७ निवासी श्रीभद्र आचार्यले आर्थिक सहयोग प्रदान गरेका छन्। आचार्यले शाखाका सहसचिव प्रकाश अधिकारीलाई २ हजार ५ सय रूपयाँ रकम हस्तान्तरण गरेका हुन्। आचार्य नेपाली सेनाका



अवकाश प्राप्त जमदार हुन्।

नेपाल पत्रकार महासंघ तनहुँको पत्रकार कल्याणकारी कोष स्थापना गर्ने निर्णय गरेको थियो। कल्याणकारी कोष स्थापनाका लागि



पत्रकारहरू, शुभेक्षछुक ,सहयोगी संस्था र व्यत्तिहरु कल्याणकारी कोषमा रकम सहयोग आउनेक्रम जारी रहेको छ।

## जेठ २५ बाट ज्येष्ठ नागरिकलाई खोप लगाइने

काठमाडौं , १९ जेठ ।

सरकारले यही जेठ २५ गतेदेखि कोभिड-१९ विरुद्धको खोप अभियान सञ्चालन गर्ने भएको छ। चीनबाट खोप प्राप्त भएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ६० देखि ६४ वर्ष उमेर समूहका ज्येष्ठ नागरिकलाई खोप लगाउने तयारी गरिएको मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले जानकारी दिए।



उनका अनुसार मङ्गलबार मात्र चीनबाट नौ लाख हजार मात्रा 'भेरोसेल' खोप आएको र आज थप एक लाख मात्रा तिब्बत सरकारबाट आउन थालेको छ। राष्ट्रपति विद्यादेवी भण्डारी र चीनका राष्ट्रपति सी चिन फिङ्बीच केही दिन अधिको टेलिफोन वार्ता भएपछि चीन सरकारले अनुदानमा खोप उपलब्ध गराएको हो। प्रवक्ता डा.पौडेलले खोपको दोस्रो मात्रा सुनिश्चित गरेर मात्र ज्येष्ठ नागरिकलाई खोप प्रदान गरिने बताए। उनले ज्येष्ठ नागरिकसँग चीनसँग सीमा जोडिएका जिल्लाका १८ वर्षभन्दा माथिका लागि पनि खोप दिइने जानकारी दिए। ६० देखि ६४ उमेर समूहका खोप लगाउने करीब आठ लाख जनसख्या रहेको छ।

मन्त्रालयले खोप लगाउँदा नागरिकता वा उमेर खुल्ने कुनै पनि सरकारी कागजात वा वडा कार्यालयले दिएको सिफारिस लिएर जान अनुरोध गरेको छ। नेपालमा खोपको पहिलो मात्रा २१ लाख १३ हजार ८० र दोस्रो मात्रा सात लाख १४ हजार १६३ लगाएका छन्। अहिलेसम्म नेपालमा भारत सरकारको अनुदानमा कोभिसिल्ड १० लाख मात्रा र खरीद गरेर १० लाख मात्रा, चीनबाट यसअघि आठ लाख र कोभ्याक्स सुविधामार्फत तीन लाख ४८ हजार खोप आएको छ।

## व्यास र भिमादका थप २ जनाको मृत्यु, ५५ कोरोना संक्रमित थपिए

उद्घोष सम्वाददाता
दमौली , १९ जेठ।

तनहुँका थप २ जना कोरोना संक्रमितको मृत्यु भएको छ।

पछिल्लो २४ घण्टामा प्राप्त विवरण अनुसार व्यास नगरपालिका र भिमाद नगर पालिकाका २ जना कोरोना संक्रमितको मृत्यु भएको स्वास्थ्य निर्देशनालय गण्डकीले जनाएको छ।



जिल्लाको व्यास-४ का ६३ वर्षीय कोरोना संक्रमित पुरुषको मंगलबार दमौली अस्पतालमा उपचार का क्रममा मृत्यु भएको निर्देशनालयले जनाएको छ। उनमा गत जेठ १० गते कोरोना संक्रमण पुष्टि भएको थियो।

त्यस्तै भिमाद-२ का ४९ वर्षीय कोरोना संक्रमित पुरुषको मंगलबार गण्डकी मेडिकल कलेज पोखरामा उपचार का क्रममा मृत्यु भएको निर्देशनालयले जनाएको छ। उनमा गत जेठ ८ गते कोरोना संक्रमण पुष्टि भएको थियो।

बुधबार जिल्लामा थप ५५ जना संक्रमित थपिएका छन। जसमा २३ जना महिला र ३२ जना पुरुष रहेका छन।

प्रताप आर्टस् एण्ड फ्लेक्स प्रिन्ट आफ्नै भवनमा सरेको जानकारी गर्दछु (तोरी पेल्ने मिल संगै)

Managing Director
Pratap Prasad Shrestha

प्रताप आर्टस् एण्ड

फ्लेक्स प्रिन्ट

व्यास-४, नमुना टोल, दमौली
065-560059 OFFICE
9856078777, 9846023777, 9817144777
prataparts08@gmail.com

मायाको चिनो, व्याज, प्रमाण पत्र, फोटो फ्रेमका साथै गुणस्तरिय फ्लेक्स प्रिन्ट, लोड सेडिङको बेला, ईमेल तथा फोन बाट पनि सुपथ मूल्यमा काम गर्ने एक मात्र ठाउँ।

विश्वास खबरको संवाहक
तनहुँ उद्घोष
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सडक विस्तार अभियान

तनहुँमा पृथ्वीराजमार्ग भण्डै ७२ किलोमिटर रहेको छ। तनहुँको जनताको मात्रै नभएर गण्डकी प्रदेशकको महत्वपुर्ण सडक रुपमा रहेको छ। वर्षौ पुरानो सडक त्यही माथि वर्षेनी थपिएको हजारौं सवारी साधनका भार सडक लाई थाम्न गाह्रो भईरहेको छ। करिव ५ दशकअघि बनेको पृथ्वी राजमार्गको मुग्लिन–पोखरा खण्ड साँघुरो रहेको छ।

राजमार्ग विस्तार पटकपटक आवज उठाएपनि खासै कामले गति लिन सकेको छैन्। सन् १९७४ मा चीन सरकारको सहयोगमा बनेको सडक सामान्य मर्मत गरेपनि पूर्ण स्तरोन्नती हुन सकेको छैन्। सडक बोर्डले राजमार्गको मापदण्ड अनुसार जग्गा अधिग्रहण गरिसकेको छ। तर ती ठाँउमा अहिले पनी सडक मापदण्ड लागु हुन सकेको छैन्।

तर राजमार्ग विस्तारको कुरा भने बेला बखत आउने गरेको छ। तर पनि सडक विस्तारले गति लिन सेकेको छैन् केही स्थानमा स्थानीय आफैले सडक विस्तार गरेका छन्। तर पनि राज्यले यसलाई सहयोग गर्ने वातावरण बनेको छैन्। सडक नजिकै घर भएको हुदाँ धैरै दुर्घटना बढी हुने क्षेत्रको रुपमा रहेको स्थानमा स्थानीय तह र सडक कार्यालयले अतिक्रमित सडक हटाउने अभियानले सार्थकता दिन आवश्यक छ।

सडक क्षेत्रका अतिक्रमित पुराना घर भत्काएर पृथ्वी राजमार्गलाई फराकिलो बनाउने महाअभियानमा जिल्लावासी एकजुट हुन आवश्यक छ। राजमार्गको दायाँ–बायाँ ९ मिटर सडक फराकिलो पारेर आसपासका क्षेत्रलाई आकर्षक बनाउन सके तनहुँको मात्र नभएर देशकै शान उच्च हुने थियो।

## पाठकहरूमा अनुरोध

**तनहुँ उद्घोष** दैनिकका लागि विचारोत्तेजक लेख रचना उपलब्ध गराउनुहुन साथै **तनहुँ उद्घोष दैनिक** तपाईलाई कस्तो लाग्यो ? टिप्पणी तथा पाठक प्रतिक्रिया पठाउनको लागि अनुरोध गर्दछौं।

**प्रतिक्रिया र सुझावको लागि तनहुँ उद्घोष दैनिकको कार्यालयमा ब्यास–०२ प्रशासन चोक वा**

*Email-udghoshdaily@gmail.com*

*poudelujwal@gmail.com* मा **पठाउन सक्नुहुने छ।**

# शुक्लागण्डकीका दुई मेडिकल शिल

**उदघोष सम्वाददाता**
**दमौली, १९ जेठ।**

तनहुँको शुक्लागण्डकी नगरपालिकाका २ मेडिकल मंगलवार शिल गरिएको छ।

तनहुँका सहायक प्रमुख जिल्ला अधिकारीसहितको उपस्थितिमा स्वास्थ्य शाखाले अनुगमनका क्रममा फार्मेसीको लागि प्रदान गरिएको अधिकारभन्दा बढि सेवा दिइएको पाएपछि बन्द गरिएको हो।

बन्द हुनेमा धर्मसेवा मेडिकल र फेमिली स्वास्थ्य क्लिनीक रहेका छन्। उनीहरुले अनुगमनका क्रममा डाक्टर विना विरामी राखेर उपचार गरिरहेको पाएपछि बन्द गराइएको स्वास्थ्य शाखा प्रमुख अजय श्रीवास्तवले जानकारी दिए।

‘उनीहरुलाई दिइएको अधिकारभन्दा बाहिर गएर काम गरेको पाइयो, उनले भने, त्यसैले बन्द गराइएको हो।’ कतिपय मेडिकलले बील नदिएको फेला परेको उनले बताए। औषधी विक्रि गर्दा वा प्रयोशालामा कुनै परिक्षण गर्दा बील दिनुपर्नेमा यस्तो नपाइएकाले बील काट्न निर्देशन दिइएको छ।

बन्द गरिएका मेडिकलका सञ्चालकलाई १ हप्ता भित्र जिल्ला प्रशासन कार्यालय र स्वास्थ्य शाखामा आवश्यकजातसहित उपस्थित हुन निर्देशन दिइएको छ। कोभिड १९ को माहामारीमा फार्मेसीमा बढि शुल्क लिने, स्वाब संकलन गर्ने भन्ने जनगुनासो आएपछि आकस्मिक रुपमा अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले जानकारी दिए। प्रकोपकोबेला सर्वसुलभ सेवा दिनुपर्नेमा बढि शुल्क लिएको पाइएमा कार्वाही गरिने उनले बताए। उनले जिपी कोइराला राष्ट्रिय श्वास प्रश्वास अस्पतालमा पीसीआर परिक्षणका लागि भन्दै रकम असुल गर्ने कर्मचारीलाई पनि कार्वाही गरिने उल्लेख गरे।





तनहुँ उद्घोष सम्पर्क: ९८४६१२०३३५







## भानु माध्यमिक विद्यालय
**बन्दीपुर-२,तनहुँ**
**गण्डकी प्रदेश नेपाल**

### विज्ञान प्रयोगशाला सामाग्री खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

ठेक्का नं.BSS/SQ/01/077/78 — प्रथम पटक प्रकासित मिति : २०७८/२/२०

**यस भानु माध्यमिक विद्यालय बन्दिपुरलाई चालु आर्थिक वर्ष २०७८/०७९ का लागि आवश्यक पर्ने विज्ञान प्रयोगशाला सामाग्री शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्तरजिष्ट्रड निर्माता / कम्पनी / फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरूको अधिनमा रहि यो सूचना प्रकाश नभएको मितिले पन्ध्र दिनभित्र यस कार्यालयबाट शिलवन्दी दरभाउपत्र फारम खरिद गरी यस कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।**

१. दरभाउपत्र फारम सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नवीकरण गरेको व्यवसायिक संस्था वा कम्पनीको दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर, स्थायी लेखानम्बर र आर्थिकवर्ष २०७६/२०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्रका साथै उत्पादक फर्म वा कम्पनीको authorization letter को प्रमाणित प्रतिलिपि र दरभाउ पत्र दस्तुर रु १००० (एक हजारमात्र ) निवेदन साथ पेश गरे पछि यो सूचना प्रकाशित भएको मिति देखि १५ दिन सम्म कार्यालय समय भित्र उपलब्ध गराइने छ।
२.खरिद गरिएका दरभाउ पत्र फारमहरुको महलहरु स्पष्टरुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक सूचना प्रकाशितभएको मिति देखि १६औं दिन दिनको १२(बाह्र) बजे सम्म यस कार्यालयमा उपस्थित भई दरभाउ पत्र दर्ता गराउनु पर्ने छ र सो सिलबन्दी दरभाउ पत्र सोही दिन २ (दुई) बजे यसकार्यालयमा खोलिने छ। दर भाउ पत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा दरभाउ पत्र फारम खोल्न बाधा पर्ने छैन।
३.दरभाउ पत्र खरिद गरिने र दर्ता गरिने अन्तिम मिति सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन लाई तत् प्रयजोनको लागि अन्तिम दिन मानिनेछ।
४. दरभाउपत्र फारम साथ जमानत बापतको रकम यस भानु माध्यमिक विद्यालयको NIC ASIA बैंक डुम्रेशाखा तनहुँ स्थित विद्यालयको खातानम्बर E641052506952401 धरौटी दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ठछ दिन म्याद भएको नेपाल सरकार को मान्यता प्राप्त क श्रेणीको बैंकबाट जारी भएको बिडवण्ड संलग्न गर्नुपर्नेछ।
५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारयस विद्यालयमा सुरक्षित रहनेछारित नपुगेका र म्यादनाघी आएका दरभाउ पत्र उपर कुनै कारवाही गरिनेछैन।दरभाउ पत्रमा प्रत्येक आइटमको भ्याट बाहेकको दररेट उल्लेख गर्नुपर्ने छ।अङ्क र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइनेछ।
६.खरिद गर्नुपर्ने सामग्रीको specification र बोलपत्र सम्बन्धी अन्य शर्तहरू दरभाउ पत्रफारममा उल्लेख गरेबमोजिम हुनेछायस सूचनामा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन२०६३(संशोधनसहित), सार्वजनिक खरीद नियमावली २०६४(संशोधनसहित) र प्रचलित नियमानुसार हुनेछ।
७. दरभाउपत्र सम्वन्धि थप जानकारीको लागि भानु माध्यमिक विद्यालयको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
८. आपूर्ति गरिने विज्ञान प्रयोगशाला सामाग्रीको मान्य अवधि मिति (expiry date ) स्टोर दाखिला भएको दिन बाट कम्तिमा १८ महिना वा ७५% जुन बढी हुन्छ सो अवधि बाँकी भएको हुनुपर्ने छ र १८ महिना भन्दाकम expiry date भएको हकमा स्टोर दाखिला मितिले कम्तिमा ७५% म्याद बाँकी हुनुपर्ने छ।
९. दरभाउपत्र फारम खरिद र दरभाउपत्र फारम दर्ता सम्बन्धित दरभाउपत्र दाता वा निजले तोकेको आधिकारिक पत्रवाहकले मात्र खरिद गर्न सक्नेछन्।
१० .Bill of quantity मा सामानको परिमाणमा थपघट भएमा दरभाउपत्र दाताले कबोल गरेको दररेटमा उपलब्ध गराउनु पर्ने छ। प्राप्त दर भाउपत्रहरु पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

| क्र.स. | सुचना नं | विवरण | लागत अनुमान मु.अ. कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | BSS/SQ/०१/०७७/०७८ | विज्ञान प्रयोगशाला सामाग्री | ६४२२१५.१६ | १६०६०।- | |



निर्माणाधीन मधुचन्द्र कवड हलको अवलोकन गर्दै देवघाट गाउँपालिका अध्यक्ष दुर्ग बहादुर थापा र कवड हल निर्माणका लागी एक रोपनी जग्गा देवघाट गाउँपालिकालाई दान गर्ने चन्द्रप्रकाश दवाडी ॥ तस्विर : तनहुँ उद्घोष




**कोरोना भाइरस रोग (COVID-19)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**कोरोना भाइरस रोग (COVID-19) को मुख्य लक्षणहरू**

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

**कोरोना भाइरस रोग बाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रुपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।
सकेसम्म भीडमा नजाने ,हात नमिलाउने, अंकमाल नगर्ने।
रुघा खोकी जस्तो लक्षण देखाउने जोकोहीको सम्पर्कबाट टाढा रहने।
माछा,मासु तथा अन्डा रामोसंग पकाएर मात्र खाने।

अनुरोधक:
**स्वास्थ्य कार्यालय तनहुँ**
दमौली, तनहुँ

**कोरोना भाइरस रोग (COVID-19)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**कोरोना भाइरस रोग (COVID-19) को मुख्य लक्षणहरू**

ज्वरो (१००.४ °F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
खोकी

"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

**कोरोना भाइरस रोग बाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रुपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।
सकेसम्म भीडमा नजाने ,हात नमिलाउने, अंकमाल नगर्ने।
रुघा खोकी जस्तो लक्षण देखाउने जोकोहीको सम्पर्कबाट टाढा रहने।
माछा,मासु तथा अन्डा रामोसंग पकाएर मात्र खाने।

**बन्दिपुर गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
बन्दिपुर तनहुँ




के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस

प्रो. कृष्ण अधिकारी — ०६५-५९०१११, ९८०१३०३००९
प्रो. विरेन्द्र पौडेल — ९८४६२८३४१०, ९८४६३७१७६५

**होम हार्डवेयर प्रा.लि.**
व्यास-२, बागबजार, दमौली, तनहुँ

**हाम्रा सेवाहरु**
१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुँ, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) बिजुली तथा वाइरिङ्का सामानहरु ।
४) ब्रेनकार्ड ब्राण्डका बाथरुम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरु पाइन्छ

एक पटक हामीलाई सेवा गर्ने मौका दिनुहोस् ।

निष्पक्ष खबरको संगालो
तनहुँ उद्घोष
राष्ट्रिय दैनिक
तनहुँ.जिल्ला.प्रशासन.कार्यालय. दर्ता नं.: ०१९/०६५/०६६
तनहुँ.जिल्ला हुलाक कार्यालय दर्ता नं.: १५९/०७३/०७४



# पुरनडिहि अस्पतालको अनुगमन

**उद्घोष सम्वाददाता**
**दमौली , १९ जेठ ।**

तनहुँको भानु नगरपालिकाले भानु-५ मा रहेको पुरनडिहि नगर अस्पतालको अनुगमन गरेको छ। उक्त नगर अस्पतालमा अहिले कोरोना संक्रमित २ जना पुरुष र १ जना महिलाको उपचार भैरहेको अस्पतालले जनाएको छ।



कोरोना भाइरसका कारण अस्पतालमा आउजाउ बढेकोले अस्पतालबाट प्रदान गर्नुपर्ने सेवा सुविधाहरु सर्वसाधारणले पाए नपाएको बारे जानकारी लिन नगरपालिकाका मेयर उदयराज गौलीको नेतृत्वमा अनुगमनका लागि पटक पटक अस्पताल पुग्ने गरेको स्वास्थ शाखा प्रमुख एश्वर्यचन्द्र भट्टराईले बताए।

आइसोलेसनमा रहेका कोरोना संक्रमित र अन्य बिरामीको अस्पतालले दिन सक्ने सेवा सुविधा दिनु पर्ने अनुगमनका क्रममा मेयर गौलीले बताए।

जनताको स्वास्थ्य प्रति संवेदनशिल रहेकाले आगामी आर्थिक वर्षको बजेटमा पनि स्वास्थ्य क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरिने नगर पालिकाकी उपप्रमुख आशा थापाले जानकारी दिईन।

स्वास्थ्यमा कुनै समस्या देखिए नजिकको स्वास्थ चौकीमा जान वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्न उनले अनुरोध गरिन । प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद तिवारीले नगर पालिकाका अस्पताल र स्वास्थ्य चौकीहरूलाई सुविधा सम्पन्न बनाउन नगरपालिका सदैव प्रतिबद्ध रहेको बताए। अनुगमनका क्रममा मेयर गौली, उप मेयर थापा, प्रमुख प्रशासकीय अधिकृत तिवारी , स्वास्थ प्रमुख भट्टराई , ईन्जिनियर सुरेश अधिकारी , जितबहादुर घर्ती लगाएत थिए।




facebook Like

**Rajendra Neupane**
7m ·

नागरिकहरुलाइ दुखका समय काम लाग्नै कम्युनिष्ट नै हो । शुखका बेला त देशमा १२३ पार्टि हुन्छन् ।

**Sundar Khanal**
51m ·

सरकारले चुरेको बालुवा बेच्यो भनेर बिरोध गरिराछन के चन्द्रमाको बालुवा बेच्न त सक्नुपनी पर्यो नि

#माटो बेचेका नेतालाई बालुवाको के माया ?

**डि पी**
1m ·

बजारमा नया दोहोरि आएछ,
'कल्ले भन्यो गुरुङलाइ लाइ मगर रक्सि नखाइ चल्दैन जागर'
मादरचुत यो गितको घोर भर्तसना गर्दछु र यसको रचनकार गायकार लाइ रक्सि छरेर आगो लगाउन हुनको लागि माग गर्दछु। बाहुन क्षत्री लाइ रक्सि हस्तान्तरण गरेर गुरुङ मगर ले रक्सि छोडि सके ।

# सेती नदिमा महिलाको शव फेला

**उद्घोष सम्वाददाता**
**दमौली , १९ जेठ ।**

तनहुँको शुक्लागण्डकी-२, चुङ्गेडाँडा बस्दै आएकी ५५ वर्षीय निरीमाया पाइजा मगर मृत फेला परेकी छन् । तनहुँको शुक्लागण्डकी-२, हलेदीस्थित सेती नदीको किनारमा मङ्गलबार ती महिला मृत फेला परेकी हुन् । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ घर भई हाल शुक्लागण्डकी बस्दै आएकी उनको शव नदि किनार फेला परेको हो।

हलेदी र घाँरी जोड्ने झोलुङ्गे पुलमुनि सेती नदीको किनारमा शव फेला परेको इलाका प्रहरी कार्यालय बेलचौताराका प्रहरी निरीक्षक ज्ञानबहादुर खड्काले जानकारी दिए।

स्थानीयवासीले बेवारिसे अवस्थामा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

प्रहरी निरीक्षक खड्काले घटनाका विषयमा अनुसन्धान भइरहेको उनले बताए।




- सूचना हाम्रो अधिकार ! सुशासन र विकासको आधार ।
- सूचनाको हक भनेको सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार हो ।
- प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायका् सूचना माग्ने र पाउने अधिकार छ ।
- सूचनाको हक मानिसको मौलिक अधिकार हो ।
- लोकतन्त्रको आधार, सूचनाको अधिकार ।
- सूचना दिने र लिने बानी बसालौं ।
- कुनै पनि सार्वजनिक सरोकार, थाहा पाउने जनताको अधिकार ।

नेपाल सरकार
सञ्चार तथा सुचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

तनहुँ उद्घोष दैनिककालागि प्रकाशक तथा कार्यकारी सम्पादकः उज्वल पौडेल **सम्पादकः** इश्वरी प्रसाद ढकाल, **व्यवस्थापकः** सुर्यभक्त पौडेल, कार्यालय : व्यास नपा-२ अनशन चौतारी अगाडी दमौली, सम्पर्क : ९८४६१२०३३५ E-mail- udghoshdaily@gmail.com मुद्रण : विज्ञान पिर्न्टस, दमौली,